# टोकियो ओलम्पिकः सुटिङकी कल्पनाको राष्ट्रिय कीर्तिमान

**हिमालय टाइम्स**

**काठमाडौं, ९ साउन**






सुटिङकी कल्पना परियारले टोकियो ओलम्पिक २०२० अन्तर्गत महिला १० मिटर एयर राइफल इभेन्टमा राष्ट्रिय कीर्तिमान कायम गर्नुभएको छ । शनिबार भएको स्पर्धामा कल्पनाले छनोट चरणमा ६१६.८ स्कोर बनाउँदै कीर्तिमान राख्नुभएको हो ।

यसअघि आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमान भंग गर्दै कल्पनाले नयाँ कीर्तिमान कायम गर्नुभएको हो । १३औं दक्षिण एसियाली खेलकुदमा कल्पनाले नै ६१४.५ स्कोरसाथ कीर्तिमान राख्नुभएको थियो । शनिबार आशाका सुटिङ रेन्जमा भएको खेलमा समग्रमा उहाँले ४६औं स्थान हासिल गर्नुभयो । उहाँ अघिल्लो चरणमा प्रवेश गर्न भने असफल हुनुभयो ।

कल्पनाले यसअघि सन् २०१८ मा भएको एसियाली खेलकुदमा ५९४.८ स्कोर गर्नुभएको थियो । त्यसपछि सन् २०१९ मा नेपालमै भएको सागमा उहाँले प्रदर्शन सुधार गर्नुभएको हो । सागमा उहाँले चौथो स्थान हासिल गर्नुभएको थियो ।

कल्पनाले पहिलो सिरिजमा १०२.२, दोस्रोमा १०५.४ तथा तेस्रोमा १०१.१ स्कोर गर्नुभएको थियो । चौथोमा १०४.१ र पाँचौंमा १०३.४ स्कोर गर्नुभए पनि उहाँले अन्तिम सिरिजमा कमजोर प्रदर्शन गर्दा दोस्रो चरणमा स्थान बनाउन सक्नुभएन । अन्तिम सिरिजको पाँचौं प्रहारमा ८.८ स्कोर हुँदा समग्रमा उहाँले १००.७ स्कोर जोड्नुभयो ।

खेलपछि प्रतिक्रिया दिँदै उहाँले राष्ट्रिय कीर्तिमान कायम भएकोमा खुसी व्यक्त गर्नुभयो । 'ओलम्पिकजस्तो ठूलो प्रतियोगितामा हाम्रो लक्ष्य राष्ट्रिय कीर्तिमान सुधार गर्नु नै हुन्छ । हामी त्यो लक्ष्यमा सफल भयौं । अघिल्लो चरण प्रवेश गर्न नपाएकोमा दुःख पनि लागेको छ,' खेलपछि उहाँले सञ्चारकर्मीसँग प्रतिक्रिया दिनुभयो ।

छनोटबाट शीर्ष आठ खेलाडीले मात्र फाइनल खेल्नेछन् । छनोटमा नर्वेकी हेग दुस्तादले ६३२.९ स्कोरसहित शीर्ष स्थान हासिल गर्नुभयो । त्यसबाहेक दक्षिण कोरियाकी पार्क हिमुन (६३१.७), अमेरिकी मेरी टकर (६३१.४), दक्षिण कोरियाकै युंजी क्वोन (६३०.९), फ्रान्सेली ओसिएन मुलर (६३०.७), चीनकी किआन याङ (६२८.७), स्विस निना क्रिस्तिएन र आरओसीकी अनास्तासिया गलाशिना (६२८.५) ले फाइनल चरणमा स्थान बनाउनुभएको थियो ।

कल्पनाको इभेन्टमा ५० जनाको सहभागिता थियो । कल्पनाले बोस्निया, किर्गिस्तान, श्रीलंका र शरणार्थी टोलीका खेलाडीलाई पछि पार्नुभएको थियो । दक्षिण एसियाली प्रतिस्पर्धीहरूमा भारतकी इलाभेनिल भालरभियन ६२६.५ स्कोरसहित १६औं स्थानमा रहनुभयो । भारतकै अपुर्भी चन्डेलाले ६२१.९ स्कोरसहित ३६औं स्थान हासिल गर्नुभयो । भुटानकी लेन्चु कुन्जाङ ६१८.१ स्कोरसहित ४३औं स्थानमा रहनुभयो ।

**सोनिया पराजित**

यस्तै जुडो खेलाडी सोनिया भट्ट पहिलो खेलमै पराजित हुनुभएको छ । भट्टले राउन्ड अफ ३२ अन्तर्गत महिला ४८ किलो तौल समूहमा रुसी खेलाडी इरिना डोल्गोभासँग हार बेहोर्नुपरेको हो । जुडोको विश्व बरियतामा नेपालकी १९ वर्षीया भट्ट १२७औं स्थानकी खेलाडी हुनुहुन्छ भने रुसकी डोल्गोभा विश्व बरियताको नवौं स्थानमा रहनुभएको छ । भट्टले डोल्गोभासित इप्पोनका आधारमा पराजय बेहोर्नुपरेको हो ।

भट्टले सो खेलमा विपक्षी खेलाडीसित एक मिनेट १६ सेकेन्डसम्म मात्र भिड्न सक्नुभयो । उहाँ वाइल्ड कार्डमार्फत् टोकियो ओलम्पिकमा छनोट हुनुभएको हो । भट्टले २०७६ मंसिरमा नेपालमै भएको १३औं दक्षिण एसियाली खेलकुद (साग) मा महिला ४८ किलोमुनिको तौलमा कास्य पदक प्राप्त गर्नुभएको थियो ।

**एथ्लेटिक टोली जापान प्रस्थान**

टोकियो ओलम्पिकमा भाग लिन एथ्लेटिक्स खेलाडी सरस्वती चौधरी र प्रशिक्षक सन्तोष श्रेष्ठ शनिबार त्यसतर्फ प्रस्थान गर्नुभएको छ । सरस्वतीले १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नुहुनेछ । म्याराथन धावक एपीएफका गोपीचन्द्र पार्कीले अन्तिम समयमा ओलम्पिकमा सहभागिता जनाउन नपाउने भएपछि सरस्वतीले मौका पाउनुभएको हो ।

सरस्वतीले ३० जुलाईमा महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्ने खेलतालिका रहेको छ । खेल बिहान ९ बजेपछि सुरु हुनेछ । यो टोकियो ओलम्पिकको नेपालका लागि अन्तिम प्रतिस्पर्धा हुनेछ । हिट चरण पार गरे जुलाई ३१ मा यस इभेन्टको सेमिफाइनल र फाइनल प्रतिस्पर्धा हुनेछ ।

त्यसअघि २७ जुलाईमा नेपाली पौडी खेलाडी एलेक्स शाहले पुरुष १०० मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नुहुनेछ । यो इभेन्ट दिउँसो ३:४५ बजेपछि सुरु हुनेछ । हिट चरण पार गर्न सकेमा २८ जुलाईमा अर्को खेल तथा त्यसमा पनि सफल भएको अवस्थामा फाइनल चरणमा २९ जुनमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ ।

२८ जुलाईमा गौरिका सिंहले महिला १०० मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नुहुनेछ । उहाँको हिट चरण दिउँसो ३:४५ बजेपछि सुरु हुनेछ । हिट चरणपछि २९ र ३० जुलाईमा यस इभेन्टमा प्रतिस्पर्धा हुनेछ । यस इभेन्टमा गौरिकाको नाममा राष्ट्रिय कीर्तिमान रहेको छ ।

**चीनलाई पहिलो स्वर्ण**

टोकियो ओलम्पिक २०२० को पहिलो स्वर्ण चीनले जितेको छ । चीनकी किआन याङले महिला १० मिटर एयर राइफलमा स्वर्ण पदक जित्नुभएको हो । याङले २५१.८ स्कोर जोड्दै स्वर्ण पदक जित्नुभयो । यस स्पर्धामा रसियन ओलम्पिक कमिटीकी अनास्तासिया गलाशिनाले रजत पदक जित्नुभयो । उहाँले २५१.१ स्कोर जोड्नुभयो । फाइनलको अन्तिम प्रहारमा दुवैले कमजोर प्रदर्शन गर्नुभएको थियो ।

अन्तिम प्रहारमा अनास्तासियाले ८.९ को खराब प्रदर्शन गरेपछि स्वर्ण पदकबाट वञ्चित हुनुभयो । याङले पनि अन्तिममा जम्मा ९.८ को स्कोर जोड्नुभयो । अन्तिम प्रहारअघि अनास्तासिया नै अग्रतामा हुनुहुन्थ्यो । स्विट्जरल्यान्डकी निना क्रिस्टेनले २३०.६ स्कोरसहित कास्य पदक जित्नुभयो ।

# क्यान र डिसहोमबीच सम्झौता

**काठमाडौं/हिटा ।** घरेलु क्रिकेट प्रतियोगिताको उत्पादन तथा प्रसारणका लागि नेपाल क्रिकेट संघ (क्यान) र डिस मिडिया नेटवर्क लिमिटेडबीच सम्झौता भएको छ । क्यानका कोषाध्यक्ष रोशनकुमार सिंह र डिस मिडियाका प्रबन्ध निर्देशक सुदीप आचार्यले आज सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो । क्यानले आयोजना गर्ने प्रतियोगिताको प्रत्यक्ष प्रसारण अब एक्सन स्पोर्ट्सबाट हुने कोषाध्यक्ष सिंहले जानकारी दिनुभयो ।

सम्झौतानुसार क्यानले आयोजना गर्ने घरेलु प्रतियोगिताको प्रसारणको अधिकार डिसहोमले पाएको छ । क्यानले झण्डै एक करोड रुपैयाँ बराबरको वार्षिक सम्झौता गरेको हो ।

# साफ च्याम्पियनसिप आगामी अक्टोबरमा

**काठमाडौं/हिटा ।** दक्षिण एसियाली फुटबलको सर्वोच्च प्रतियोगिता साफ च्याम्पियनसिप आगामी अक्टोबरमा हुने भएको छ । बंगलादेशले आयोजना गर्न नसक्ने जानकारी दिएपछि प्रतियोगिता अक्टोबरमा हुने भएको हो । शुक्रबार बसेको साफको बैठकमा बंगलादेशले आयोजना गर्न नसक्ने औपचारिक जानकारी दिएको हो । यससँगै सहभागी टोलीहरूले प्रतियोगिता अक्टोबरमा गर्ने सहमति गरेका छन् । यसअघि प्रतियोगिता सेप्टेम्बरमा हुने योजना रहेको थियो । प्रतियोगिताको आयोजक भने जुलाई अन्तिमसम्म तय गरिनेछ । शुक्रबारको बैठकमा नेपालसँगै माल्दिभ्स र भारतले आयोजनाका लागि दावेदारी प्रस्तुत गरेका छन् ।

प्रतियोगितामा भने पाँच टोलीको मात्र सहभागिता रहने पक्का छ । पाकिस्तान फिफाको प्रतिबन्धमा रहेका कारण सहभागिता जनाउने छैन । भुटानमा भने कोरोना संक्रमणका कारण देशबाहिर जान प्रतिबन्ध रहेका कारण सहभागी नहुने भएको हो । आयोजना दाबी गरेका नेपाल, माल्दिभ्स, भारतसँगै श्रीलंका र बंगलादेशले प्रतियोगितामा सहभागिता जनाउनेछन् ।

यसअघि एन्फाले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीबाट नै आयोजना आवेदनका लागि स्वीकृति पाएको थियो । तर, उक्त स्वीकृति पाएको दुई दिन नबित्दै सरकार परिवर्तन भएपछि अन्योल सिर्जना भएको थियो ।


## म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**म्याग्दे गाउँपालिकाको क्षेत्राधिकार भित्र नदीजन्य पदार्थ उत्खनन् तथा विज्ञापन कर संकलन कार्यको विद्युतिय माध्यमवाट वोलपत्र आब्हानको सूचना**

(सूचना प्रकाशित मितिः २०७८/०४/१०)

स्थानीय सरकार संचालन ऐन, २०७४ को प्रावधान (दफा ११ र ६४) एवं म्याग्दे गाउँपालिका, गाउँकार्यपालिकाको निर्णय बमोजिम आ. ब. २०७८/०७९ का लागि यस कार्यालयले तोकेको दररेटको आधारमा न्यूनतम रकमवाट बढाबढ हुने गरी तपसिल बमोजिमका ठेक्काहरु म्याग्दे गाउँपालिका क्षेत्र अन्तर्गत जे जस्तो अवस्थामा छन् सोही अवस्थामा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ई-विडिङ्ग मार्फत वोलपत्र आब्हान गरिएको छ।

**क) नदीजन्य पदार्थ उत्खनन् कर संकलन कार्यः**

| सि.नं. | ठेक्का नं. | नदी किनारा/घाट | कुल उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम कवोल रकम (कर बाहेक) | ठेक्का अवधि | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | आ. आ. १-२०७८/०७९ | फुलवारी थाङ्दी | ४,५१४.०० | रु. ११,१५,८६०.८० (एघार लाख पन्ध्र हजार आठ सय साठी रुँपैया असी पैसा मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. १,०००/- (एक हजार रुँपैया मात्र) | कवोल अङ्कको कम्तिमा पाँच प्रतिशत | २०७८/०५/०८ गते दिनको १२:०० बजेसम्म |
| २ | आ. आ. २-२०७८/०७९ | मजुवाटार | ३,२००.०० | रु. ७,९१,०४०.०० (सात लाख एकानब्वे हजार चालीस रुँपैया मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. १,०००/- (एक हजार रुँपैया मात्र) | | |
| ३ | आ. आ. ३-२०७८/०७९ | झकास फुलवारी माथिल्लो | ६,६११.०० | रु. १६,३४,२३९.२० (सोह्र लाख चौतीस हजार दूई सय उन्चालीस रुँपैया वीस पैसा मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. १,०००/- (एक हजार रुँपैया मात्र) | | |
| ४ | आ. आ. ४-२०७८/०७९ | चोक्रेटार | ९,३१०.०० | रु. २३,०१,४३२.०० (तेईस लाख एक हजार चार सय वत्तीस रुँपैया मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. ३,०००/- (तीन हजार रुँपैया मात्र) | | |
| ५ | आ. आ. ५-२०७८/०७९ | कुडुले | ११,९४८.०० | रु. २९,६५,३६९.५० (उन्तीस लाख पैसट्ठी हजार तीन सय उनसत्तरी रुँपैया पचास पैसा मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. ३,०००/- (तीन हजार रुँपैया मात्र) | | |
| ६ | आ. आ. ६-२०७८/०७९ | घुमौने | ३,८००.०० | रु. ९,३९,३६०.०० (नौ लाख उन्चालीस हजार तीन सय साठी रुँपैया मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. १,०००/- (एक हजार रुँपैया मात्र) | | |
| ७ | आ. आ. ७-२०७८/०७९ | जिमकोट | ३,२५०.०० | रु. ८,०३,४००.०० (आठ लाख तीन हजार चार सय रुँपैया मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. १,०००/- (एक हजार रुँपैया मात्र) | | |
| ८ | आ. आ. ८-२०७८/०७९ | झिरलौदी | ६,०००.०० | रु. १४,८३,२००.०० (चौध लाख त्रीयासी हजार दूई सय रुँपैया मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. १,०००/- (एक हजार रुँपैया मात्र) | | |
| ९ | आ. आ. ९-२०७८/०७९ | टुनिवोट | ९,०००.०० | रु. २२,३३,८००.०० (वाईस लाख तेत्तीस हजार आठ सय रुँपैया मात्र) | २०७८ असोज महिनादेखी २०७९ जेठ मसान्तसम्म | रु. ३,०००/- (तीन हजार रुँपैया मात्र) | | |

**ख) म्याग्दे गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन कार्यः**

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम कवोल रकम (कर बाहेक) | ठेक्का अवधि | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १० | आ. आ. १०-२०७८/०७९ | म्याग्दे गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन कार्य | रु. ४,७५,८७५/- (चार लाख पचहत्तर हजार आठ सय पचहत्तर रुँपैया मात्र) | आ. ब. २०७८/०७९ देखी आ. ब. २०७९/०८० सम्म | रु. १,०००/- (एक हजार रुँपैया मात्र) | कवोल अङ्कको कम्तिमा पाँच प्रतिशत | २०७८/०५/०८ गते दिनको १२:०० बजेसम्म |

यस ठेक्का सम्वन्धि विस्तृत जानकारी **PPMO's** को **website http://www.bolpatra.gov.np,** यस कार्यालयको फेसवुक पेज, सूचना पाटी र **website http://myagdemun.gov.np** मा हेर्न सकिनेछ।


# एन्फा टेक्निकल कमिटी संयोजकको राजीनामा

**हिमालय टाइम्स**

**काठमाडौं, ९ साउन**



अखिल नेपाल फुटबल संघ (एन्फा) का उपाध्यक्ष कृष्णबहादुर थापाले एन्फा टेक्निकल कमिटीको संयोजकबाट राजीनामा दिनुभएको छ । विधिविधान विपरीत कार्य हुँदै आएको भन्दै उहाँले राजीनामा दिनुभएको हो ।

आफ्नो जानकारीबिना प्रशिक्षक नियुक्तिलगायत काम भएकोमा उहाँले असन्तुष्टि जनाउँदै आउनुभएको थियो । एक विज्ञप्ति जारी गर्दै उहाँले नैतिकताले पनि टेक्निकल समितिमा बस्न नमिल्ने भन्दै राजीनामा दिएको जनाउनुभएको छ ।

राजीनामापत्रमा उहाँले आफूलाई केन्द्रीय कार्यकारिणी समितिले टेक्निकल कमिटीको संयोजकको जिम्मेवार दिए पनि बिनाजानकारी राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकको करार अवधि थप्ने, एकेडेमीका लागि यू-१३ खेलाडीको अन्तिम नाम प्रकाशित गर्ने, बी लाइसेन्स कोर्स आयोजना गर्दा होस् वा महिला टोलीको सहायक प्रशिक्षक नियुक्त गर्दा जानकारी नदिई विधिविधान विपरीत काम हुँदै आएको उल्लेख गर्नुभएको छ ।

यसअघि मंगलबार काम गर्ने वातावरण नभएको भन्दै एन्फा होस्टल तीन सदस्यीय व्यवस्थापन समितिले पनि राजीनामा दिएको थियो । एन्फा केन्द्रीय सदस्य दिनेश व्यञ्जनकारको संयोजकत्वमा सहायक महासचिव अरुणमान जोशी र सहायक कोषाध्यक्ष राजेन्द्र न्यौपाने सदस्य रहेको समितिले संयुक्तरूपमा राजीनामा दिएको थियो ।

# श्रीलंकाद्वारा भारत पराजित




**एजेन्सी**

**कोलम्बो, ९ साउन**

श्रीलंकाले तेस्रो तथा अन्तिम एकदिवसीय अन्तर र्राष्ट्रिय (ओडीआई) खेलमा भारतलाई तीन विकेटले पराजित गरेको छ । योसँगै श्रीलंकाले तीन ओडीआई खेलको सिरिज दुई-एकले गुमाएको छ ।

जितका लागि २२७ रनको विजयी लक्ष्य पछ्याएको श्रीलंकाले ३९ ओभरमा सात विकेटको क्षतिमा पूरा गर्‍यो । श्रीलंकाको जितमा ओपनर अविष्का फ्रेनान्डोले ९८ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ७६ रन जोड्दै टोलीको जित सुनिश्चित गर्नुभयो ।

यस्तै भानुका राजपक्षेले ५६ बलमा १२ चौकासहित ६५ रन जोड्नुभयो । दोस्रो विकेटका लागि भानुका राजपक्षे र अविष्का फ्रेनान्डोले १०९ रनको उत्कृष्ट शतकीय साझेदारी गर्नुभएपछि श्रीलंकाको जित निश्चित भएको थियो ।

त्यसबाहेक चरिथ असालन्का २४, मिनोद भानुका सात, धनञ्जय डी सिल्भा दुई, कप्तान दासुन शनाका शून्य रनमा आउट हुँदा रमेश मेन्डिसले १५ रन जोड्नुभयो । भारतका राहुल चाहरले १० ओभरमा ५४ रन खर्चेर तीन विकेट तथा चेतन सकारियाले आठ ओभरमा ३४ रन खर्चेर दुई विकेट लिनुभयो ।

त्यसअघि आर प्रेमाडासा स्टेडियम कोलम्बोमा टस जितेर पहिला ब्याटिङ रोजेको भारत ४३.१ ओभरमा २२५ रनमा अल आउट भएको थियो । भारतका ओपनर पृथ्वी शाले ४९ बलमा आठ चौकासहित सर्वाधिक ४९ रनको योगदान दिनुभयो ।

दोस्रो विकेटका लागि पृथ्वी र सञ्जु स्यामसनले ७४ रनको साझेदारी गर्दै भारतका लागि राम्रो सुरुवात दिलाउनुभएको थियो ।

१९औं ओभरको चौथो बलमा स्यामसन प्रविन जयविक्रमको बलमा अविष्का फ्रेनान्डोबाट ४६ रनमा क्याच आउट हुन पुग्नुभयो । ओडीआईमा डेब्यु खेल खेलेका स्यामसनले ४६ बलमा पाँच चौका र एक छक्का प्रहार गर्नुभयो ।

स्पिनर अकिला धनञ्जयले सूर्यकुमार यादवलाई ४० रनमा एलबीडब्लु आउट गर्दै श्रीलंकालाई महत्त्वपूर्ण सफलता दिलाउनुभयो । सूर्यले ३७ बलमा सात चौका प्रहार गर्नुभएको थियो । श्रीलंकाका अकिला धनञ्जयले १० ओभरमा ४४ रन खर्चेर तीन तथा प्रविन जयविक्रमले १० ओभरमा ५९ रन खर्चेर तीन विकेट लिनुभयो ।